# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**भाग २ खण्ड ८ संख्या ७ मंसिर २०८१**

अपाङ्गता भएका व्यक्तिका परिचय-पत्र वितरण कार्यविधि, २०७५
संसोधन गर्न बनेको कार्यविधि, २०८१

**नगरकार्यपालिकाबाट स्वीकृत मितिः** २०८१-०८-१४
**प्रमाणिकरण मितिः** २०८१-०८-२८
**राजपत्र प्रकाशन मितिः** २०८१-०८-२८

**प्रस्तावना:**

शिवसताक्षी नगरपालिकाको " अपाङ्गता भएका व्यक्तिका परिचय-पत्र वितरण कार्यविधि, २०७५" लाइ समयसाषेक्ष बनाउन वाञ्छनीय भएकोले शिवसताक्षी नगरपालिका नगरकार्यपालिकाले देहाय बमोजिम सम्सोधन गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो निर्देशिकाको नाम “अपाङ्गता भएका व्यक्तिका परिचय-पत्र वितरण कार्यविधि, २०७५ प्रथम संसोधन कार्यविधि, २०८१” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. कार्यविधिको दफा २(क) मा संसोधन

कार्यविधिको दफा २(क) मा रहेको “ अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी ऐन , २०७४” सट्टा “अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी ऐन , २०७४, (सम्सोधन २०७६ समेत) शब्दहरु राखिएका छन्।

३. कार्यविधिको दफा २(ख) मा संसोधन

कार्यविधिको दफा २(ख) “ “नियमावली” भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन , २०७४” सट्टा

"“नियमावली” भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७ ” शब्दहरु राखिएका छन्।

४. कार्यविधिको दफा २(ङ) मा संसोधन

२(ङ) “ “समन्वय समिति” भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन , २०७४ (पहिलो सम्सोधन २०७५ समेत) को दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति” सट्टा

“ “समन्वय समिति” भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ( सम्सोधन २०७६ समेत) को दफा ४२ बमोजिमको स्थानीय समन्वय समिति” शब्दहरु राखिएका छन्।

५. कार्यविधिको दफा ६(१ख) मा संसोधन

६(१ख) “नगरपालिकाको महिला सदस्य मध्येबाट नगरपालिकाले तोकेको महिला सदस्य ” सट्टा

“ नगर कार्यपालिकाको महिला सदस्य मध्येबाट नगर कार्यपालिकाले तोकेको महिला सदस्य ” शब्दहरु राखिएका छन्।

६. कार्यविधिको दफा ६(१छ) मा संसोधन

६(१छ) “ नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येवाट समन्वय समितिले मनोनयन गरेको १ जना महिला सदस्यसहित तीन जना ” सट्टा

“ नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येवाट समन्वय समितिले मनोनयन गरेको एक जना ” शब्दहरु राखिएका छन्।

७. कार्यविधिको दफा ६(१ज) मा संसोधन

६ (१छ) “ नेपाल सरकारका स्थानीय स्तरमा रहेका सम्बन्धित विषय हेर्ने कार्यालयको कार्यालय प्रमुख ” सट्टा

“ प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तर कर्मचारी” शब्दहरु राखिएका छन्।

८. कार्यविधिको दफा ६(१झ) मा संसोधन

६(१झ) “नगरपालिकाको उपप्रमुखले तोकेको नगरपालिकाको कर्मचारी- सदस्य” सट्टा

“नगरपालिकाको उपप्रमुखले तोकेको नगरपालिकाको कर्मचारी - सदस्य सचिव” शब्दहरु राखिएका छन्।

९. कार्यविधिको दफा ६(२) पछी देहायको उपदफा (३), (४) र (५) थप गरिएको ।

६(३) "उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।"

६(४) "उपदफा (१) बमोजिम कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा समन्वय समितिले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।"

६(५) "उपदफा (३) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।"

**आज्ञाले**

**सुनिता तुम्बाहाम्फे**

**प्रमुख प्रशासकीय अधिकृत**